नेपाल सरकार

राष्ट्रिय सूचना आयोग

पेरीसडाँडा, कोटेश्वर

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रकाशित विवरण :–

## आ.व. २०६९/०७० (२०६९ श्रावण देखि २०७० आषाढ मसान्त) सम्म

### क. निकायको स्वरुप र प्रकृति

सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त रहने व्यबस्था छ । नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत आयोगको प्रशासकिय प्रमुख रहन्छन् । यो आयोग अर्ध न्यायिक निकाय हो । यसले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउन, खुला र पारदर्शी बनाउने, जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने काम गर्नका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय काठमाण्डौमा रहेको छ ।

### ख. निकायको काम, कर्तव्य र अधिकार

१. आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत सम्बन्धी निर्णय र आदेश दिने,

२. सूचनादाताको संरक्षण गर्ने,

३. सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने,

४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने,

५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने,

७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिने सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

९. यस ऐन बमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

१०. नेपाल सरकार तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

११. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने, आदि ।

## ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :– **आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यबस्था गर्दछ । व्यबस्था भए अनुसार हाल आयोगमा आयुक्तहरु बाहेक ३१ जना कर्मचारीहरु छन् ।**

| | | |
|---|---|---|
| स्वीकृत कर्मचारी दरवन्दी संख्या | २९ जना | |
| स्थायी कर्मचारी दरवन्दी संख्या | | १७ जना |
| करार सेवा कर्मचारी | | १२ जना |
| विविध सेवा, विशेष समूहका उप सचिव | | २ जना |
| जम्मा कार्यरत कर्मचारी संख्या | | ३१ जना |

राष्ट्रिय सूचना आयोग संगठन चार्ट परिशिष्ट “आ” मा उल्लेख गरिएको छ ।

कार्य विवरण अनुसार, आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् :–

### ▪ पुनरावेदन शाखा

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउन, सो सम्वन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने,
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने,
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने ।

### ▪ प्रशासन शाखा

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने सो अन्तर्गत कर्मचारीको व्यक्तिगत विवरण, विदा, सरुवा, बढुवा जस्ता कार्य गर्ने गराउने,
- अन्तरिक प्रशासन सम्बन्धी काम गर्ने,
- कार्यालय सरसफाई, विजुली पानी, टेलिफोन, मर्मत संभार लगायतका कार्य गर्ने, गराउने ।

### ▪ योजना शाखा

- योजना तथा प्रवर्द्धन शाखा प्रमुखले लेखा शाखा समेतको राय लिई वार्षिक रुपमा संचालन गर्ने कार्यक्रमको ढाँचा तयार गर्ने

- स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरुको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि पेश गर्ने,
- निर्णय भए अनुसार कार्यक्रम संचालन गर्ने र सोही अनुसार कार्यक्रम संचालन गर्ने
- सूचनाको हकको लागि प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

■ **लेखा शाखा**

- बजेट अनुमान तयार गर्ने
- कोष तथा लेखा नियन्त्रण कार्यालयसंग समन्वय गरि निकासा प्राप्त गर्ने
- कर्मचारीहरुको तलब, भत्ता लगायत निर्णय अनुसार भएको कार्यक्रमको भुक्तानी समेत दिने ।

■ **अनुगमन मुल्याङ्कन शाखा**

- सूचनाको हक कार्यान्वयन सम्बन्धमा भए गरेका अनुगमन मूल्यांकन तथा कार्यक्रमहरुको अभिलेख राखी वार्षिक प्रतिवेदन तयारको समेत कार्य गर्ने ।

■ **स्टोर शाखा**

- आयोगको जिन्सी सामाग्रीको अभिलेख राख्ने
- टुटेफुटेको सामाग्रीको लगत तयार गरि खर्च मिनाहा तथा लिलाममा पठाउनु पर्ने भए सो को विवरण तयार गरि पेश गर्ने ।

## घ. निकायबाट प्रदान गरिने सेवा :–

➢ सार्वजनिक निकायबाट सूचनानपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन उपर कारवाही गर्ने

- योजना प्रवर्द्धन तथा अनुगमन गर्ने
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को सम्बन्धमा
    - अन्तरक्रिया
    - प्रशिक्षक प्रशिक्षण
    - छलफल/गोष्ठी
    - अभिमूखिकरण/प्रशिक्षण संचालन गर्ने ।

## ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

### १. प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तहरु रहेको आयोग

- आयोग कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बरालको संयुक्त इजलासबाट । (मिति २०७०।२।२३ गते ५ वर्षे कार्यकाल समाप्त भई निवृत्त हुनु भएको )

**पुनरावेदन शाखा**

- शाखा प्रमुख उप सचिव श्री अच्युतकुमार पौड्याल

- शाखा अधिकृत श्री बसन्तराज अधिकारी
- शाखा अधिकृत श्री मिनाक्षी भुर्तेल ढुंगेल
- नायव सुब्बा श्री राधा देवी पोखरेल
- नायव सुब्बा श्री विष्णु प्रसाद अर्याल ।

२. **प्रशासन शाखा**

- शाखा प्रमुख उप सचिव श्री गौलोचन सैंजू
- शाखा अधिकृत श्री पवित्रा ढकाल
- नायव सुब्बा श्री मोहन बहादुर बुढाथोकी

३. **योजना तथा प्रवर्द्धन शाखा**

- शाखा प्रमुख उप सचिव श्री बेदनिधि अधिकारी
- शाखा अधिकृत श्री पवित्रा ढकाल ।

४. **DFID / ESP को अनुदान सहयोगमा संचालित परियोजना**

- Programme Manager उप सचिव श्री माधव प्रसाद पोखरेल
- Communication and Documentation Officer, शाखा अधिकृत श्री करुणा आचार्य
- शाखा अधिकृत श्री मनिता कार्की, प्रशासन

५. **लेखा शाखा**

- लेखा अधिकृत श्री चमन प्रसाद ढकाल

## च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि नियमानुसार

सूचना ५ पेज सम्मको निःशुल्क सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधि लाग्ने ।

## छ. पुनरावेदन, उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी,

राष्ट्रिय सूचना आयोगका आयुक्तहरुको इजलासवाट

## ज. निर्णयउपर उजुरी सुन्ने अधिकारी,

प्रशासकिय निर्णय उपर श्री श्रीराम पन्त, सचिव

## झ. सम्पादन गरेको कामको विवरण,

### १. पञ्चवर्षिय रणनीतिक कार्ययोजना अनुरुप संचालन हुने कार्यक्रम

**सम्बन्धी :–** राष्ट्रिय सूचना आयोगले तयार गरेको पञ्चवर्षिय रणनीतिक कार्ययोजना अनुरुप पहिलो वर्षमा संचालन हुन गईरहेको कार्यक्रमको लागि United Kingdom's Deparment for International Development (DFID) अन्तर्गतको Enabling State Programme (ESP) कार्यक्रमले अनुदान

सहयोग प्रस्ताव गरे अनुसार अर्थ मन्त्रालयको समेत सहमतिमा रु २,९०,३५,१२५।– अक्षरेपी दुई करोड नब्बे लाख पैतिस हजार एक सय पच्चिस मात्र) को अनुदान सहयोग स्वीकार गर्ने सम्बन्धमा मिति २०६९/११/१५ गते दुवै पक्ष वीच सहमति पत्रमा हस्ताक्षर सम्पन्न भयो ।

सूचनाको हक कार्यान्वयनमा अझ बढी प्रभावकारीता ल्याई सरकारको काम कारवाहीलाई पारदर्शी बनाई नागरिकप्रति सरकारलाई बढी जिम्मेवार बनाउने कार्यमा यसबाट सकारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ । साथै सूचनाको हक प्रवर्द्धन गर्ने प्रयोजनका लागि पहिलो चरणमा ६ वटा मन्त्रालय अन्तर्गतका पाँच वटा जिल्लास्तरीय कार्यालयहरुमा MIS स्थापना गर्ने, सूचनाको हकका सम्बन्धमा जनचेतना अभिबृद्धि गराउने, सूचनाको हकसम्बन्धी कानूनसंग वाझिएका ऐन कानूनहरु पुनरावलोकन गरी संशोधनको लागि प्रस्ताव तयार गर्ने र माध्यामिक विद्यालय तथा उच्च माध्यामिक विद्यालय तहको पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने जस्ता महत्वपूर्ण क्षेत्रमा कार्य गर्न सहयोग पुग्ने छ ।

सूचनाको हक कार्यान्वयनलाई अझ बढी प्रभावकारी बनाउन, यसको अवधारणालाई ग्रामीण तहका जनता समक्ष पुर्‍याई उनीहरुलाई सजग र सचेत बनाउनका साथै उनीहरुको मागलाई सम्बोधन गर्न आयोगलाई सक्षम बनाउने कार्यको लागि सहयोग पुग्ने विश्वास गरिएको छ ।

**<u>परियोजनाबाट हालसम्म हासिल गरिएका उपलब्धिहरु</u>**

१. Project को Office Set Up भयो ।

२. Project संचालनको लागि Project Implementation Co-Ordinator, IT Officer, Project Assistant नियुक्ति भएको ।

३. ५ वटा जिल्ला (बाँके, डडेल्धुरा, कास्की, पर्सा र मोरङ्ग) मा MIS Baseline Survey सम्पन्न भई MIS Software निर्माणको लागि परामर्शदातासंग सम्झौता भएको ।

४. Communication Outreach Programme पद्मोदय स्कुलमा (कक्षा ९ का विद्यार्थीहरुका लागि सम्पन्न भएको ।

५. माध्यामिक विद्यालय र उच्च माध्यमिक विद्यालय तहको पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्नको लागि पाठ्यक्रम निर्माण, नेपाल सरकारद्वारा संचालित तालिम केन्द्रहरुमा सूचनाको हकसम्बन्धी विषय समावेश गर्न आवश्यक पाठ्यक्रम तयार गर्न, सूचनाको हकसम्बनधी ऐन कानूनसंग बाझिएका कानूनहरुको समिक्षा गरी संशोधन प्रस्ताव तयार गर्न र कम्युनिकेसन Outreach Strategy निर्माण गर्न ESP मार्फत कन्सल्ट्यान्टहरु छनौट भै कार्य शुरु गर्ने गरी सम्झौता समेत सम्पन्न भइसकेको ।

६. Open Data सम्बन्धी कर्मचारी क्षमता अभिबृद्धिको लागि ३ जना अधिकृतहरु Data Boot Camp मा सहभागी भएको ।

## सूचना अधिकार केन्द्र :–

सूचनाको हकको बारेमा बुझ्न तथा प्रयोग गर्न चाहने व्यक्तिलाई सेवा प्रदान गर्न यस आयोगले सूचनाको हकको लागि नागरिक अभियान (CCRI) संगको सहकार्यकमा **"सूचना अधिकार केन्द्र"** को स्थापना गरिएको छ । उक्त केन्द्रको उद्घाटन नेपाल सरकारका मुख्य सचिव श्री लीलामणि पौड्यालज्यूबाट मिति २०६९।५।५ गते गर्नु भएको थियो । यस केन्द्रबाट सूचनाको हकको प्रयोग गर्न चाहेको व्यक्तिले यस हक सम्बन्धी जानकारीको लागि तथा सूचनाको हक प्रयोग गर्दा समस्या परेका कुनै पनि व्यक्तिले सेवा र सल्लाहका लागि सर्म्पक गर्न सक्छन् ।

### केन्द्रको आवश्यकता तथा उद्देश्य निम्नानुसार छन् :–

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने ।

२. सूचनाको हक र यसको उपयोगिताको बारेमा जानकारी लिन चाहने व्यक्तिलाई आवश्यक जानकारी उपलब्ध गराउने ।

३. खोजेको सूचना कहाँ र कसरी प्राप्त गर्ने भन्ने बारेमा अन्योल भएका व्यक्तिलाई आवश्यक सेवा तथा सल्लाह दिने ।

४. सूचनाको हकको प्रयोग र प्रचलन बढाउनको लागि आवश्यक सहयोग गर्ने ।

५. जागरुक समाजको निमार्णमार्फत् राज्यलाई पारदर्शि तथा जवाफदेही बनाउनको लागि भूमिका निर्वाह गर्ने ।

### केन्द्रबाट निम्न लिखित सेवा उपलब्ध गराउंदछन् :–

१. सूचनाको हक भनेको ? यसको उपयोगिता के छ ? कुनकुन निकायमा कस्ता कस्ता विषयमा सूचना माग गर्न सकिन्छ भन्ने बारेमा जानकारी लिन चाहने व्यक्तिलाई आधारभूत जानकारी दिने ।

२. सार्वजनिक निकायबाट सूचना माग गर्दा के के प्रकृया पूरा गर्नु पर्दछ ? कति समय लाग्छ ? कुन व्यक्तिसंग सम्पर्क गर्नु पर्दछ ? सूचना माग गर्न के कस्तो तयारी गर्नु पर्दछ भन्ने बारेमा प्रकृयागत सल्लाह र सुझाव उपलब्ध गराउने ।

३. सूचना माग गर्नको लागि शुरुमा दर्ता गर्नु पर्ने निवेदन, उजुरी तथा आयोगमा दर्ता गर्नु पर्ने पुनरावेदनको ढाँचा उपलब्ध गराउने, लेख्न सहयोग गर्ने तथा आवश्यकता अनुसार निवेदन, उजुरी र पुनरावेदन लेखेर उपलब्ध गराउने ।

४. आफूले माग गरेअनुरुप वा सही एवं पूर्ण सूचना नपाएमा कुन प्रक्रिया अपनाउने, कहाँ उजुरी गर्ने, सार्वजनिक निकायबाट सूचना नपाएमा आयोगमा कसरी पुनरावेदन गर्ने भन्ने बारेमा सल्लाह दिने ।

५. सूचना मागकर्तालाई परेको कुनै पनि कानूनी, सैद्धान्तिक तथा व्यावहारिक समस्याको उपचारका लागि सल्लाह दिने तथा प्रकृयामा आवश्यकता अनुसार सहयोग गर्ने ।

सूचनाको हकको क्षेत्रमा कार्यरत विभिन्न महानुभावहरु, गैह् सरकारी संस्था, नेपाल बार, युथ NGO फेडेरेशन, पत्रकार आदि क्षेत्रका प्रतिनिधि सहित संलग्न भई राष्ट्रिय सूचना आयोगको ५ वर्षे रणनीति तर्जुमा सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको छ ।

यस केन्द्रबाट २०६९ भाद्र ५ देखि २०७० आषाढमसान्त सम्ममा प्रदान गरिएको सेवा तथा सहयोगको विवरण

१. **सेवाग्राहीले केन्द्रमा प्रत्यक्ष सम्पर्क गरेर प्राप्त गरेका सेवाहरु**

- सूचना प्राप्तको लागी निवेदन - २१०
- उजुरीको मसौदा र दर्ता (यस आयोग र अन्य कार्यालयका प्रमुख समक्ष) - १२८
- आयोगमा पुनरावेदन - १५

२. **टेलिफोन मार्फत प्रदान गरेका सेवा**

- जम्मा प्राप्त फोन संख्या - १३५४
- केन्द्रबाट फोन मार्फत सेवा - १६६१ (कार्यालय बन्द भएको समयमा टोल फ्रि नम्बरमा गरेको फोन मोबाइलमा जाने व्यवस्था मिलाएको र कार्यालय समयमा केन्द्रबाट फोन गर्ने गरीएको )
- एस.एम.एस. पठाउनेलाई गरेको फोन - ३२६

३. **एस.एम.एस सेवा**

- प्राप्त एस.एम.एस - ३२६
- एस.एम.एस पठाएको - २९,१८९

४. **इमेल मार्फत सेवा**

- प्राप्त गरेको इमेल - ७३
- इमेल पठाएको - ११५ (सूचना प्राप्त गर्ने निवेदन तथा उजुरी सहित पठाएको)

५. **फ्याक्स मार्फत सेवा - ८**

६. **केन्द्रको प्रत्यक्ष भ्रमण -** ३०१ (जानकारी एवं केन्द्रबाट सहयोग प्राप्तको निमित्त)

- ## अनुगमन गरेको जिल्ला र संख्या १८ जिल्लाका ४१४ सार्वजनिक निकाय

| जिल्ला | निकायको संख्या |
|---|---|
| बाग्लुङ्ग | २९ |
| मोरङ्ग | २२ |
| गोरखा | २० |
| दोलखा | १६ |
| कास्की | ३० |
| डोटी | २८ |
| इलाम | २३ |
| पाल्पा | २५ |
| गुल्मी | २५ |

| | |
|---|---|
| सुनसरी | १४ |
| झापा | २३ |
| नवलपरासी | १६ |
| रुपन्देही | ४० |
| सप्तरी | २२ |
| उदयपुर | २५ |
| डडेल्धुरा | २३ |
| पर्वत | १९ |
| म्याग्दी | १४ |
| जम्मा | ४१४ |

- विभागस्तरीय कार्यालयको अनुगमन :–४३ वटा विभागस्तरका निकायमा अनुगमन कार्य सम्पन्न भएको ।
- जिल्लागत अन्तरक्रिया अन्तर्गत राजनैतिक दल/पार्टीका नेता/कार्यकर्ता, गैह्र सरकारी, संस्था, नेपाल पत्रकार महासंघ, बार एशोसियशन, शिक्षक युनियन, युथ NGO फेडेरेशन, सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीहरुका लागि अन्तरक्रिया कार्यक्रम संचालन भएको (१५ जिल्लाका) ।

| जिल्ला | सहभागी संख्या |
|---|---|
| कैलाली | ३९ |
| कञ्चनपुर | ७४ |
| गोरखा | ४५ |
| दोलखा | ४९ |
| इलाम | ५१ |
| मोरङ्ग | ५४ |
| नवलपरासी | ६३ |
| रुपन्देही | ६१ |
| पाल्पा | ५३ |
| गुल्मी | ४३ |
| सप्तरी | ५५ |
| कास्की | ८१ |
| पर्वत | ३६ |
| म्याग्दी | ५८ |
| धादिङ्ग | ३२ |
| जम्मा | **७९४** |

- सूचना अधिकारीहरुका लागि अभिमूखिकरण/प्रशिक्षण

| जिल्ला | सहभागी संख्या |
|---|---|
| लम्जुङ्ग | २५ |
| ईलाम | ३५ |
| उदयपुर | ४६ |
| कास्की | ३४ |
| डडेल्धुरा | ३३ |
| जम्मा | १७३ |

- मोवाईलमा SMS सन्देश – ४ लाख मोवाईलमा प्रशारण।
- **नोटिस वोर्ड सेवा स्थापना गरेको देहायको नम्बरमा फोन गरी ०१–१६१८–४६०१२१२ आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने व्यबस्था गरेको।**

## विभिन्न कार्यक्रम संचालन गरेको

नागरिक जागरण कार्यक्रम, जिल्लागत अन्तरक्रिया कार्यक्रम, पत्रपत्रिका वेवसाईट नेटवर्किङ विकास/मर्मत, कर्मचारी दक्षता अभिबृद्धि कार्यक्रम, सूचनाको हक सम्बन्धमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिष्ठित व्यक्तिहरुसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम र जनचेतना कार्यक्रम अनुगमन तथा मुल्याँकन कार्यक्रम।

## ट. सूचना अधिकारी र प्रमुखको नाम र पद,

१. सूचना अधिकारी श्री गौलोचन सैंजू, उप सचिव

२. प्रमुख सूचना अधिकारी श्री श्रीराम पन्त, सचिव

## ठ. सूचना अधिकारी समक्ष लिखित रुपमा सूचना माग गरेको संख्या :– ९ (नौ)

## ड. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

- निर्देशिका
  - सूचनाको हकसम्बन्धी ऐन, २०६४
  - सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
  - आयोगको बैठक व्यवस्था कार्यविधि,
  - निवेदनको कारवाही किनारा गर्नेसम्बन्धी कार्यविधि र
  - उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि सहित।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ को थाहा पाउने अधिकार
- ब्रोसियर
- फ्ल्याक्स प्रिन्ट
- Website :- www.nic.gov.np

– Email :- nicnepal@wlink.com.np / info@nic.gov.np

## ढ. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

१. स्वीकृत बजेट रु १,५५,८९,०००।– खर्च रु १,५४,५४,०००।–

२. स्वीकृत बजेट मध्येबाटै कार्यक्रमको लागि रु २०,००,०००।– खर्च रु १९,९९,५९८।–

३. आर्थिक कारोबार सम्बन्धी विस्तृत विवरण परिशिष्ट "अ" मा उल्लेख गरिएको छ ।

## ण. तोकिए बमोजिमका अन्य विवरण :–

### आयोगको मुख्य मुख्य निर्णयहरु

१. निवेदक डा. गिर्वाण कुमार शर्माले माग गरेको सूचनाका सम्बन्धमा आयोगका विभिन्न मितिका आदेशहरु बमोजिम सूचना उपलब्ध नगराएको र आयोगको आदेश पालना नगरेकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव) प्रविण कुमार मिश्रलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रु १,००१।– (अक्षरेपी एक हजार एक) जरिवाना गरिएको छ । यसको जानकारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव) डा. प्रविण मिश्रलाई दिने र यसको जानकारी नेपाल सरकारका मुख्य सचिवलाई समेत गराईएको ।

२. निवेदक तारानाथ दाहालले माग गरेको सूचनाका सम्बन्धमा व्यक्तिगत प्रकृतिका सूचना बाहेक विदेशी दम्पतिद्वारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गरिएका वालवालिकाको अनुगमन भएको भए बालबालिका र ग्रहण गर्ने व्यक्तिको नाम नामेशी उल्लेख नगरी समग्र अवस्थाको विवरण, अनुगमन गर्ने कर्मचारीहरुको नामावली, कारवाही हुन बाँकी रहेका निवेदनहरुको सम्बन्धमा भै रहेको कारवाहीको विवरण आदि सूचनाहरु निवेदकलाई उपलब्ध गराउनू पर्ने नै देखिएकोले ति सूचनाहरु १५ दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको एक प्रति आयोगमा समेत पठाउन महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका प्रमुख (सचिव) का नाममा आदेश जारी भएको र सो को जानकारी उजुरीकर्तालाई दिईएको ।

३ बुढानिलकण्ठ स्कुलका सामाजिक विज्ञान विभागका प्रमुखलाई सूचना सार्वजनिक गरेको कारणबाट सामाजिक विज्ञान विषयको प्रमुख पदबाट बर्खास्त गरिएकोमा आयोगको मिति २०६९/६/१६ को आदेशबाट पुर्नवहाली भएको ।

४. त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका प्रमुख (वर्तमान परीक्षा नियन्त्रक) लाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम सूचना उपलब्ध नगराएकोमा रु १,०००।– (अक्षरेपी एक हजार) र आयोगको आदेश अटेर गरेकोमा सोही ऐनको दफा ३२(५) बमोजिम रु १०१।– (अक्षरेपी एक सय एक) गरी जम्मा रु १,१०१।– (अक्षरेपी एक हजार एक सय एक) जरिवाना गरिएको

५. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाकी कार्यकारी निर्देशक श्री भिनुशोभा तुलाधरलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रु १,००१।– (अक्षरेपी एक हजार एक) जरिवाना गर्ने निर्णय गरिएको ।

६. सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधिश श्री भैरव लम्सालज्यूको संयोजकत्वमा गठित सम्पत्ति छानविन आयोगले बुझाएको प्रतिवेदन आयोगका आयुक्तहरुबाट अध्ययन अवलोकन गरी केही अनुसूची र परिशिष्टहरु बाहेक अन्य कुराहरु सार्वजनिक गर्न उपयुक्त हुने व्यहोराको आदेश प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिवको नाममा आदेश जारी ।

७. पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम सूचना उपलब्ध नगराएकोमा रु १,०००।– (अक्षरेपी एक हजार) र आयोगको आदेश अटेर गरेकोमा सोही ऐनको दफा ३२(५) बमोजिम रु १०१।– (अक्षरेपी एक सय एक) गरी जम्मा रु १,१०१।– (अक्षरेपी एक हजार एक) जरिवाना गरिएको छ ।

आ.व. २०६९/७० ( २०६९ श्रावण देखि २०७० आषाढ मसान्तसम्म) मा आयोगमा परेको उजुरी र निवेदनको संख्या

| | | | | |
|---|---|---|---|---|
| गत आर्थिक वर्षबाट जिम्मेवारी सरि आएको संख्या | | | – | ४६ |
| चालु आर्थिकवर्ष (२०६९ श्रावण देखि २०७० आषाढ मसान्तसम्म) परेको उजुरी निवेदन संख्या | | | – | २१४ |
| | | जम्मा | – | २६० |
| फछ्र्यौट भएको संख्या | | – १९९ | | |
| लगत कट्टा – १६५ | | | | |
| जरिवाना – ११ | | | | |
| तामेलि – १८ | | | | |
| खारेजी – ५ | | | | |
| जिम्मेवारी बाँकी संख्या | | – ६१ | | |
| | | जम्मा २६० | – | २६० |
| | | फछ्र्यौट प्रतिशत | – | ७६.५३% |

**प्रस्तुत विवरण आयोगको www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१४६०२९२०/०१४६०२७४७,
फ्याक्स : ०१४६०१२१२
इमेल : nicnepal@wlink.com.np
वेबसाईट : www.nic.gov.np
info@nic.gov.np

राष्ट्रिय सूचना आयोग
कोटेश्वर,पेरीसडाँडा,
काठमाडौं ।

नेपाल सरकार

# राष्ट्रिय सूचना आयोग

कोटेश्वर , काठमाण्डौ

## आ.व. २०६९/०७० को वार्षिक आर्थिक विवरण

कार्यक्रम/आयोजनाको नाम : राष्ट्रिय सुचना आयोग

बजेट उपशीर्षक नं. : ३५८०१५३ चालु खर्च — म.ले.प.फा.नं. १७

| खर्च संकेत नं. | खर्च शीर्षक | शुरु विनियोजित वजेट | पूरक वजेट वाट | | रकमान्तरबाट | | | अन्तिम बजेट | निकासा | खर्च | बांकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | संकेत | थप | घट | | | | निकाशा | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | |
| २१११११ | तलव | ४८५००००।०० | | | | ०।०० | ०।०० | ४८५००००।०० | ४७३३१०१।८० | ४७३३१०१।८० | ०।०० | ११६८९८।२० | |
| २१११९ | अन्य भत्ता | २२५०००।०० | | | | ५५०००।०० | ०।०० | २८००००।०० | २७८७२५।०० | २७८७२५।०० | ०।०० | १२७५।०० | |
| २११२१ | पोशाक | १३००००।०० | | | | ०।०० | ०।०० | १३००००।०० | १२७५००।०० | १२७५००।०० | ०।०० | २५००।०० | |
| २११२३ | औषधि उपचार | ४२९०००।०० | | | | ०।०० | ०।०० | ४२९०००।०० | ४२९०००।०० | ४२९०००।०० | ०।०० | ०।०० | |
| २२१११ | धारा तथा विजूली | २०००००।०० | | | | ०।०० | ४००००।०० | १६००००।०० | १५९१२३।०० | १५९१२३।०० | ०।०० | ८७७।०० | |
| २२११२ | संचार महसुल | २२५०००।०० | | | | १५०००।०० | ०।०० | २४००००।०० | २३९९३८।०० | २३९९३८।०० | ०।०० | ६२।०० | |
| २२१२१ | घर भाडा | १७४५०००।०० | | | | ०।०० | ०।०० | १७४५०००।०० | १७४१५२४।०० | १७४१५२४।०० | ०।०० | ३४७६।०० | |
| २२२११ | ईन्धन | ८५००००।०० | | | | २००००।०० | ०।०० | ८७००००।०० | ८६९९०६।०० | ८६९९०६।०० | ०।०० | ९४।०० | |
| २२२१२ | संचालन तथा मरमत सं. | ३३००००।०० | | | | १५०००।०० | ०।०० | ३४५०००।०० | ३४४७२२।०० | ३४४७२२।०० | ०।०० | २७८।०० | |
| २२२१३ | विमा | ६००००।०० | | | | ०।०० | ०।०० | ६००००।०० | ५२०३५।०० | ५२०३५।०० | ०।०० | ७९६५।०० | |
| २२३११ | कार्यालय सम्बन्धि खर्च | ७०००००।०० | | | | १५०००।०० | ०।०० | ७१५०००।०० | ७१४८४६।०० | ७१४८४६।०० | ०।०० | १५४।०० | |
| २२४११ | सेवा र परामर्श खर्च | २०६५०००।०० | | | | ०।०० | ८००००।०० | १९८५०००।०० | १९८४३१५।०० | १९८४३१५।०० | ०।०० | ६८५।०० | |
| २२५२२ | कार्यक्रम खर्च | २००००००।०० | | | | ०।०० | ०।०० | २००००००।०० | १९९९५९८।०० | १९९९५९८।०० | ०।०० | ४०२।०० | |
| २२६११ | अनुगमन र मुल्यांकन | ६०००००।०० | | | | ०।०० | ०।०० | ६०००००।०० | ५९९८२८।०० | ५९९८२८।०० | ०।०० | १७२।०० | |
| २२६१२ | भ्रमण खर्च | २००००।०० | | | | ०।०० | ०।०० | २००००।०० | २००००।०० | २००००।०० | ०।०० | ०।०० | |
| २२७११ | विविध खर्च | २६००००।०० | | | | ०।०० | ०।०० | २६००००।०० | २५९७१०।०० | २५९७१०।०० | ०।०० | २९०।०० | |
| | **जम्मा** | १४६८९०००।०० | | | | **१२००००।००** | **१२००००।००** | **१४६८९०००।००** | **१४५५३८७१।८०** | **१४५५३८७१।८०** | **०।००** | **१३५१२८।२०** | |
| **अर्थ बजेट (६०१०१४३/६०१०१८३)जम्मा** | | **१३२१४५२।००** | | | | **०।००** | **०।००** | **१३२१४५२।००** | **१३२१४५२।००** | **१३२१४५२।००** | **०।००** | **०।००** | |
| २११११ | तलव | ९६५१९६।०० | | | | ०।०० | ०।०० | ९६५१९६।०० | ९६५१९६।०० | ९६५१९६।०० | ०।०० | ०।०० | |
| २११२३ | औषधि उपचार | ३५६२५६।०० | | | | ०।०० | ०।०० | ३५६२५६।०० | ३५६२५६।०० | ३५६२५६।०० | ०।०० | ०।०० | |
| | **कुल जम्मा** | १६०१०४५२।०० | | | | **१२००००।००** | **१२००००।००** | **१६०१०४५२।००** | **१५८७५३२३।८०** | **१५८७५३२३।८०** | **०।००** | **१३५१२८।२०** | |

**मौज्दातको अवस्था**

१. बैकको नाम र ठेगाना : नेपाल राष्ट्र बैंक, थापाथली — २. बैंक खाता नं : १२०१२००००१०००५२४ TSA

३. बैंक अनुशार बाकि : रु. ०।०० — ४. फछ्र्योट हुन बाकि पेश्की: रु. (कगात आ.व.सम्मको: रु.००|००(खग्रस आ.व.को: रु.०|००जम्मा:रु.०|००

५. नगद मोज्दात : रु. ०।०० — पेश्की विवरण क) म्याद नाघेको पेश्की रु.०।००

६. जम्मा वा भूक्तानी हून बांकी चेकको रकम : रु. १००००।०० — ख) म्याद ननाघेको पेश्की रु.०।००

नेपाल सरकार

# राष्ट्रिय सूचना आयोग

कोटेश्वर , काठमाण्डौ

## आ.व. २०६९/०७० को वार्षिक आर्थिक विवरण

कार्यक्रम/आयोजनाको नाम : राष्ट्रिय सुचना आयोग

बजेट उपशीर्षक नं. : ३५८०१५४ पुजिगतखर्च — म.ले.प.फा.नं. १७

| खर्च संकेत नं. | खर्च शीर्षक | शुरु विनियोजित वजेट | पूरक वजेट वाट | | रकमान्तरबाट | | अन्तिम बजेट | निकासा | खर्च | बांकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | थप | घट | | | | निकाशा | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | |
| २९३११ | **फर्निचर्स तथा फिक्चर्स** | ४०००००।०० | | | ०।०० | ०।०० | ४०००००।०० | ४०००००।०० | ४०००००।०० | ०।०० | ०।०० | |
| २९५११ | **मेशिनरी औजार** | ५०००००।०० | | | ०।०० | ०।०० | ५०००००।०० | ५०००००।०० | ५०००००।०० | ०।०० | ०।०० | |
| | **जम्मा** | ९०००००।०० | | | ०।०० | ०।०० | ९०००००।०० | ९०००००।०० | ९०००००।०० | ०।०० | ०।०० | |

**मौज्दातको अवस्था**

१. बैकको नाम र ठेगाना : नेपाल राष्ट्र बैंक, थापाथली — २. बैंक खाता नं : १२०१२००००१०००५२५ TSA

३. बैंक अनुशार बाकि : रु. ०।०० — ४. फछ्र्योट हुन बाकि पेश्की (कगात आ.व.सम्मको:रु.००|००(खग्रस आ.व.को: रु.०|००जम्मा:रु.०|००

५. नगद मोज्दात : रु. ०।०० — पेश्की विवरण क)म्याद नाघेको पेश्की रु.०।००

६. जम्मा वा भूक्तानी हून बांकी चेकको रकम : रु. ०।०० — ख)म्याद ननाघेको पेश्की रु.०।००

नेपाल सरकार

## राष्ट्रिय सूचना आयोग

कोटेश्वर, काठमाण्डौ

### आ.व.२०६९।०७० विशेष अनुदान खाताको आर्थिक विवरण

| स्वीकृत वजेट | जम्मा निकाशा | जम्मा खर्च | बांकी | | श्रोत⁄दाता |
|---|---|---|---|---|---|
| | | | निकाशा | वजेट | |
| २९०३५१२५।०० | ७५६५२५०।०० | १८२७३६६।०० | ५७३७८८४।०० | २७२०७७५९।०० | DFID (ESP Nepal) |

खाता रहेको वैंक नाम : ने.रा.वैंक थापाथली, खाता नं. १२०१९१४–००१–००४–५२४ NPR

श्रेस्ता अनुशार वैंक मौज्दात: रु.५७,३७,८८४।००     नगद मौज्दात: रु ४,६००।००

वैंक स्टेटमेन्ट अनुशार वैंक मौज्दात:रु.५७,५५,५१५।००     पेश्की वांकि: रु ५०,०००।००

फरक रकम : रु  २२,२३१।००     फरकको कारण: कर दाखिला गर्न बाकी ।

चमनप्रसाद ढकाल
लेखा अधिकृत

माधवप्रसाद पोखरेल
उप सचिव

नेपाल सरकार

राष्ट्रिय सूचना आयोग

संगठन तालिका




**कूल दरवन्दी तेरिज**

| | |
|---|---|
| सचिव (रा.प.,विशिष्ट) | १ |
| सहसचिव (रा.प.,प्रथम, प्रशासन) | १ |
| उप सचिव (रा.प.,द्वितिय, प्रशासन, सा.प्र.) | २ |
| शाखा अधिकृत (रा.प.,तृतीय, प्रशासन, सा.प्र.) | ८ |
| लेखा अधिकृत (रा.प.,तृतीय, प्रशासन, लेखा) | १ |
| कानून अधिकृत (रा.प.,तृतीय, न्याय, कानून.) | १ |
| ना.सु. (रा.प.अनं,प्रथम, प्रशासन, सा.प्र.) | ३ |
| **जम्मा** | **१७** |
| **उप सचिव** (रा.प.,द्वितिय, प्रशासन, सा.प्र.)विशेष समूह | २ |
| करार सेवा | १२ |
| **कूल जम्मा** | **३१** |

**करार सेवा:–** कम्प्युटर अपरेटर –२, हलुका सवारी चालक –५, कार्यालय सहयोगी –२, पाले –२ र कुचिकार –१ सेवा करारमा कार्यरत।